# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. २४६/०७३/७४

निर्णय नं. ४२८

जिल्ला वारा, तेतरीया गा. बि. स.-३ निबासी रमेश शर्मा ..........................................१ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, गाउँ विकास समितिको कार्यालय, तेतरीया, बारा ..............................१ } विपक्षी
सूचना अधिकारी, गाउँ विकास समितिको कार्यालय, तेतरीया, बारा ..............................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला वारा, तेतरीया गा. बि. स.-३ निबासी रमेश शर्माले गाउँ बिकास समितिको कार्यालय, तेतरीया, वारा समक्ष तपसिल वमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०८।१४ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी गाउँ विकास समितिको कार्यालय, तेतरीया, बाराको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. तेतरीया गा. वि. स. परिषद्को आ. व. ०७२/७३ को माइन्यूटको निर्णयको प्रमाणित प्रतिलिपि ।
२. तेतरीया गा. वि. स. वाट सामाजिक सुरक्षा भत्ता वितरणको विवरण ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

इति सम्वत् २०७३ साल पुष २१ गते रोज ५ शुभम् ।